"हामी बनाउँछौं, हाम्रो नगर"

७ असार २०८३
नेपाल संम्बत ११४६

# रास्कोट नगरपालिका नगर सभाको १८ औं अधिवेशनमा नगर प्रमुख श्री धर्मराज शाही (पोषण) ज्यूद्धारा प्रस्तुत

# आ.व. २०८३/०८४ को नीति तथा कार्यक्रम

**"इतिहासका निर्माता जनता हुन्" भन्ने कथनलाई प्रमाणित गर्ने नेपाली जनताको लामो त्याग तपस्या सँघर्ष र बलिदानबाट प्राप्त संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था बमोजिम गठन भएको रास्कोट नगरपालिका नगर सभाको १८ औं अधिवेशनमा उपस्थित**

नगर सभाका उपाध्यक्ष ज्यू,
प्रमुख प्रशासकीय अधिकृत ज्यू,
नगरसभाका सदस्य ज्यूहरु तथा उपस्थित सम्पूर्ण महानुभावहरु,

नेपाल युगौंदेखि नै एक स्वाधीन र सार्वभौम मुलुकको रुपमा रहँदै आएको छ । इतिहासका विभिन्न काल खण्डहरुमा नेपाली जनताले गरेका वलिदानीपूर्ण संघर्षहरु जनयुद्ध,जनआन्दोलन,मधेस आन्दोलन लगायत विभिन्न राजनीतिक आन्दोलनबाट संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधानले अबलम्बन गरेको संघीय संरचना वमोजिम गठन भएको स्थानीय तहको दोस्रो कार्यकालमा छौ । आजको यस गौरवपूर्ण घडीमा नेपालको ऐतिहासिक जनयुद्ध, जनआन्दोलन, मधेस आन्दोलन लगायत सबै प्रकारका राजनीतिक आन्दोलन तथा संघर्षहरुमा आफ्नो जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण महान शहीदहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । बेपत्ता नागरिकहरु तथा उहाँहरुको परिवार प्रति उच्च सम्मान प्रकट गर्दछु । साथै, विभिन्न चरणका आन्दोलनका घाइते, अशक्त र अपाङ्गता भएका व्यक्तिहरुको स्वास्थ्य लाभको कामाना सहित सहानुभूति प्रकट गर्दै सहज जीवनयापनको कामना गर्दछु ।

संविधानले स्थानीय तहलाई दिएको कार्यकारिणी, व्यवस्थापिका र न्यायिक अधिकार मध्ये आज हामी नगर सभामार्फत व्यवस्थापकीय अभ्यास गर्न गइरहेका छौं । अतः यस ऐतिहासिक दिनमा रास्कोट नगरपालिकाको नगर सभाको १८ औं अधिवेशनमा उपस्थित हुनु हुने नगर सभाका सबै सदस्य ज्यूहरु तथा कर्मचारी मित्रहरुलाई नगर सभामा अन्तर हृदय देखि न्यानो स्वागत गर्न चाहन्छु ।

नेपालको संविधान २०७२ को धारा ५६, ५७, ५९ र ६० ले गरेको परिकल्पना, संविधानको भाग १८, १९ र २० ले गरेको मार्ग निर्देशन तथा अनुसुची ८ र ९ ले प्रदान गरेको अधिकारको परिधिभित्र रहेर स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लगायत कानूनी व्यवस्था वमोजिम रास्कोट नगर सभाको १८ औं अधिवेशनमा आ.व.२०८३/०८४ को निती तथा कार्यक्रम प्रस्तुत गर्दै गर्दा हामी निर्वाचित भएर २०७९ सालमा पहिलोपटक निती तथा कार्यक्रम प्रस्तुत गरेको स्मरण भइरहेको छ । २०७९ साल पुर्वको रास्कोट नगरपालिकाको चित्र मेरो मानसपलटमा घुमिरहेको छ । सिमित स्रोत साधनको अधिकतम उपयोग गरेर हामीले सकिने जति काम गरेका छौं र गरिरहेका छौं । अझै धेरै कामहरु गर्न बाँकी छ । ईलाका प्रशासन कार्यालय स्थापना भएपछि रास्कोट क्षेत्र एउटा **मिनि जिल्लाको** रुपमा विस्तार हुने दिशातर्फ अगाडी बढेको छ । यो हाम्रा लागि गौरव र खुसीको बिषय हो । सुन्दर रास्कोटलाई सुविधा सम्पन्न र सम्वृद्ध रास्कोट बनाउने साझा संकल्पमा विगतका दिनहरुमा जस्तै सम्पुर्ण पक्षहरुको सहयोग र सहकार्य रहनेमा नगर सरकार विश्वस्त छ ।

रास्कोट नगरपालिकाको आत्म निर्भरता सहित दिगो आर्थिक विकास गर्नु आजको हाम्रो आवश्यकता हो । स्वाधीन, आत्मनिर्भर तथा अन्तरनिर्भर अर्थतन्त्र निर्माण गर्दै सामाजिक न्याय सहितको दिगो आर्थिक विकास हाँसिल गर्नु र रास्कोट नगरपालिका सहित मुलुकको समृद्धिमा योगदान पुऱ्याई समाजवाद उन्मुख अर्थतन्त्र निर्माणमा योगदान पुर्याउनु हाम्रो लक्ष्य हो । नगर सभाको दशौं अधिवेशनले तय गरेको **"हामी बनाउछौं, हाम्रो नगर"** भन्ने नारालाई अभियानको रुपमा नयाँ उचाइमा उठाउदै नगर सभामा रास्कोट नगरपालिकाको नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा आफूलाई गौरवान्वित भएको महशुस गरेको छु।

नगर सभा सदस्यज्यूहरु,

अव म यस सम्मानित सभामा हाल सम्मगरिएका मूख्य नविनतम् नीति तथा कार्यक्रमहरुको वस्तुगत विवरण प्रस्तुत गर्ने अनुमति चाहान्छु

- सेवा प्रवाहलाई प्रभावकारी बनाउन नगरपालिकामा एक सोधपुछ कक्ष तथा हेल्प डेक्स सर्भिसको रुपमा टोल फ्रि नं. **लाई १६६०८७४४०४४ "हेलो मेयर कार्यक्रम"** सँग जोडेकाछौं ।
- रास्कोट नगरपालिकाको **पहिचान सहितको लोगो** निर्माणगरि कार्यान्वयनमा रहेको छ।
- नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन ऐन २०७९ अनुसार **नगर प्रहरी गठन** गरिएको छ।
- **रास्कोट विधुत महशुल काउन्टर** स्थापना गरि नेपाल बिद्युत प्राधीकरण कालीकोट वितरण केन्द्रबाट लिन सकिने सवै सेवाहरु प्रदान गरिरहेकाछौं ।
- **फाइवर नेट** :-रास्कोट नगरपालिकामा वर्डलिङ्क मार्फत सबै वडा तथा गाँउ बस्तीमा सेवा विस्तार गरिएको छ ।
- **राष्ट्रिय वाणिज्य बैक** स्थापना गरि ६० वर्ष माथि जेष्ठ नागरिक, असाय र अपाङ्गता भएका व्यक्तिहरुलाई घर आगनमै सामाजिक सुरक्षा भत्ता वितरणमा सहजता भएको छ ।
- **आयोडिन नुन र खाद्य** व्यवस्था तथा व्यापार क.लि. द्धारा रास्कोट खरिद विक्रि केन्द्रबाट नियमित रुपमा आयोडिन नुन,चामल,दाल,तेल र चिनी वितरण भैरहेको छ ।
- अव्यवस्थित आर.सि.पि. बजारलाई मिनि मार्केटमा विकास गर्नलाई **३५ वटा पक्कि** सटरहरु निर्माण गरेकाछौ ।
- आर.सि.पि. बजारमा **करिव २ कि.मि.सडक कालो पत्रे** गरिनुको साथै शान्तीघाट आर.सि.पि. बजार **१२ कि.मि कालो पत्रेका** लागि सडक ग्राबेल भैसकेको छ।
- नगरपालिकाको प्रशासनिक भवन र सवै वडा कार्यालयहरु पक्कि निर्माण भइ आफ्नै भवनबाट सेवा दिनुको साथै ईलाका प्रशासन कार्यालयको भवन सम्पन्न अवस्थामा रहेको छ ।
- सरकार संचालनका लागि आवश्यक पर्ने ऐन कानुनहरु निर्माण गरिएका छन ।
    - **ऐन ८ वटा,**
    - **कार्यविधी ३६ वटा**
    - **निर्देशिका ९ वटा** बनाइएको छ।
- **कार्यपात्रो** निर्माण गरि वार्षिक क्रियाकलापहरु कार्यान्वयन भैरहेका छन।
- आन्तरिक राजस्वको दर दायरा विस्तार गरि विगत वर्षहरु भन्दा **चौगुणा** वृद्धि गरेकाछौं ।
- नेपालको इतिहासमा नेपाली नागरिकता प्रमाण पत्रको सुरुवाती वितरण वि.स.२००९ साल देखि नेपालीहरुको पहिचान खुल्ने आधिकारिक नागरिकता प्रमाणपत्र प्राप्त गर्ने चलन/प्रचलनमा आएको देखिन्छ । २०३४ सालसम्म कालिकोट र रास्कोट आसपासका नागरिकहरुले जुम्ला जिल्ला सदरमुकाम खलङ्गाबाट नागरिकता सेवा लिएको भेटिन्छ सोही वर्ष देखि तत्कालिन कालिकोट जिल्लाका माननीय श्री धर्मदत्त उपाध्यायको नेतृत्वमा जुम्ला जिल्ला सँग कालीकोट अलग बनाई कालीकोट जिल्ला सदरमुकाम मान्म देखि नेपाली नागरिकता वितरण गरेको इतिहास जिवीत छ यी सवै दु:ख रास्कोट वासीका दु:ख हुन भनि हामी निर्वाचित भएको मिति २०७९ बैशाख ३० गतेकै दिनमा नागरिकता सेवाका लागि पूर्ण प्रतिवद्धता घोषणा गरेका थियौं । मिति २०७९ माघ २६ गते कार्यापालिका बैठक बसी रास्कोट नगरपालिकामा ईलाका प्रशासन कार्यालय स्थापना गर्ने निर्णय सहित माघ २७ गते अन्तर पालिकाका सरकार प्रमखुहरु र स्थानीय राजनितिक दलहरुको सर्व दलीय, सर्व पक्षिय बैठक बसी कालिकोट जिल्ला सुरक्षा समितिमा निर्णय पेश गरियो ।उक्त निर्णय सहित जिल्ला सुरक्षा समिति कालीकोटले चैत ५ गते च. नं.१४४८ मार्फत रास्कोट नगरपालिकामा ईलाका प्रशासन कार्यालय मागको फाइल गृह मन्त्रालयमा पहिलो पटक

दर्ता गराइ, पटक पटकको राजनितिक तथा सरकारी भेटघाटले देशभरि २३ वटा ईलाका प्रशासन कार्यालयमा रास्कोटलाई समावेस गरियो ।त्यसै गरि २०८२ मंसिर ३ गते देशै भरि १० वटा ईलाका प्रशासन कार्यालय स्थापनाको निर्णय भयो जसमा पनि रास्कोटलाई समावेश गरियो त्यसै गरि अन्तमा २०८२ पुष ११ गतेको मन्त्री परिषद्को बैठकले रास्कोट सहित ९ वडा ईलाका प्रशासन कार्यालय स्थापनाको निर्णय गर्यो उक्त निर्णयलाई कार्यान्वयन गर्न मिति **२०८३ साल बैशाख** ७ गते देखि ईलाका प्रशासन कार्यालय रास्कोटमा औपचारिक रुपमा सेवा प्रारम्भ गरेकाछौं । यस ऐतिहासिक कार्यले रास्कोट र रास्कोटआसपास वासीका लागि एक अवसर मात्र नभई आर्थिक व्यभार पनि घटेकोछ,

यस अवसर र सेवालाई एक ऐतिहासिक कार्य सम्झेका छौं । त्यसकारण हाम्रो यस कार्यकाललाई **स्वर्णिम कार्यकाल**को रुपमा स्थापित गरेकाछौं ।

- **करदाता सेवा, स्थायी लेखा नम्बर (PAN)** लगाएतका सेवा सुरुवात गरेकाछौं ।
- **रास्कोट नगरपालिकामा भूमि प्रशासन (नापी र मालपोत)** सेवा स्थापनाको लागि आवस्यक तयारी गरि आगामी आर्थिक वर्ष श्रावण देखि संचालन गर्नेछौं ।

## शिक्षा

- नगरपालिकाका सबै सामुदायिक विद्यालयहरुमा तहगत प्र.अ.को व्यवस्थापन,विषयगत शिक्षक व्यापस्थपनका लागि दरवन्दी मिलान तथा कक्षागत तह समायोजन र विद्यालय समायोजन गरेकाछौं ।
- कक्षा १ देखि १० कक्षा सम्म बडिमालिका मा.वि.मा अंग्रेजी माद्यामबाट सिकाइ हुने वातावरण तयार गरेका छौं।
- चार वटा मा. वि.हरुमा SEE होस्टेल व्यवस्थापन, सुरक्षा गार्ड,खेलकुद प्रशिक्षक तथा विद्यालय नर्सिङ नियुक्त गरि व्यवस्थित र सुरक्षित विद्यालय निर्माण गर्न प्रयास गरेकाछौं ।
- जनजागृति मा.वि.फुकोटमा प्राविधिक धार तर्फ ९-१२ कम्प्युटर इन्जिनीयरिङ पठाइ संचालन गरिएको छ ।
- ECD देखि माद्यामिक विद्यालय सम्म (smart Bord, ECD मा (Smart TV) को माद्यामबाट पढाइने गरिएको छ।
- विगतका वर्ष देखि हाल सम्मको सिकाई उपलब्धि




- रास्कोटमा **क्याम्पस** स्थापनाका लागि पहल गरि अन्तिम चरणमा पुगेका छौं ।
- शैक्षिक सत्र २०८२।०८३ मा SEE मा ६१.२०%
- कक्षा ११ र १२ मा ७४.५९% नतिजा हाँसिल भएकोछ ।
- **शैक्षिक पात्रो निर्माण** गरि कार्यान्वयनमा रहेको छ ।
- सवै विद्यालयहरुमा सुविधा सम्पन्न कक्षा कोठा सहित २४ वटा **पक्की भवन निर्माण गरि**एको छ ।
- मा.वि. र नि.मा.वि.हरुमा **१८ वटा** पक्कि शौचालय निर्माण सहित ४ वटा **अपाङ्गतामैत्री शौचालय** निर्माण गरेकाछौं माद्यामिक विद्यालयहरुमा **विज्ञान प्रयोगशाला र खेल मैदान** सहित घेरवार गरिएको छ ।

## स्वास्थ्य

- हाल रास्कोट अस्पताल लाई प्रादेशिक रणनितिक अस्पतालको रुपमा संचालन भई MBBS **डाक्टर**बाट सेवा प्रवाह भइ रहेको छ भने विषेशज्ञ सेवा प्रवाहका लागि **निक साइमन्स इन्सिच्युट** (NSI) सँग सम्झौता भै यसै आ.व. श्राषण महिनाबाट सेवा सुचारु गरिनेछ ।
- **स्वास्थ विमा** :-शहिद परिवार,घाइते अपाङ्गता, विपन्न, अशाय,सिमान्तकृत समुदाय र महिला स्वंयम सेविका हरुको स्वास्थ विमा गरेकाछौं ।

- तोकिएका दीर्घ रोगका १५ जना बिरामीहरुलाई मासिक रुपमा आर्थिक सहायता स्वरुप मासिक रु ५ हजार प्रदान गरेकाछौं । र विपन्न नागरिकहरुलाई औषधि उपचार वाफत् आर्थिक सहायता कार्यक्रम मार्फत २३ जना लाई आर्थिक सहयोग गरेकाछौं ।
- **रेबिज खोप**को सेवा विगतका वर्षहरुमा जिल्ला अस्पताल मान्म देखि नै लिइरहेका थियौं भने अघिल्ला वर्ष देखि रास्कोट अस्सपतालमै भै रहेकोछ ।
- **ग्रामीण अल्टासाउण्ड** (गर्भवती चेकचाँज) कार्यक्रम नियमित संचालनमा रहेको छ ।

## खानेपानी, सिचाई र कृषि

- **गौरवको आयोजनाको रुपमा बृहत् सिचाइ** आयोजना (छेत्तडी,भिडकुलो, बाँग्रिकुलो र पनेरी कुलो )हरु निर्माणको अन्तिम चरणमा छन् भने दर्जनौ साना सिचाँइ कुलोहरु निर्माण गरिएका छन ।
- **पानी प्रसोधन केन्द्र** Water Treatment Plant निर्माण भइ रहेको छ ।
- भू-उपयोग नीति २०७९ निर्माण गरि नगरपालिकाको भूमिलाई १० क्षेत्रमा वर्गीकरण गरिएको छ।
- सार्वजनिक क्षेत्र लेकाली भेगमा उपभोग ११७,२५,७०० वर्ग मि.सार्वजनिक जमिन एकिन गरि करको दाएरामा ल्याउन पहल गरिएको छ ।
- **एक घर एक ओखर बगैचा** कार्यक्रम र स्याउ फर्मलाई स्याउ फर्मलाई व्यवस्थित गरेकाछौं ।

## सडक,भवन र पुल तथा पदमार्गहरु

- **लालु लैफू रास्कोट खण्ड** निर्माणाधिन अवस्था रहेको छ ।
- सवै वडा कार्यालयहरुमा सहजरुपमा यातायातको पहुँच पुऱ्याइएको छ ।
- **भात्तडी देखि फुकोट हुदै देउरा** सडक नयाँ विस्तार गरि स्तर उन्नतिको काम भैरहेको छ।
- **रिङ्गरोड सहित ७.१५** कि.मि सडक स्तर उन्नति गरिएको छ ।
- नयाँ ८ वटा सडक निर्माण गरि ७.४० कि.मि. काम सम्पन्न भएको छ ।
- सवै वडाहरुमा संचालन हुने **प्रधानमन्त्री र मुख्यमन्त्री** रोजगार कार्यक्रमलाई प्रभावकारी बनाउन पदमार्गको रुपमा (PCC) **३३ वटा बाटोहरु १२.८५ कि.मि.** निर्माण गरिएकोछ ।
- ईलाका प्रशासन कार्यालय,सवै वडा कार्यालयहरु केहि विद्यालयका भवन र केहि सार्वजनिक भवन गरि ३२ वटा नयाँ पक्की भवन निर्माण गरिएका छन ।
- फुगाड खोलामा पक्की पुल निर्माणाधिन अवस्था रहेको छ ।
- २ झुलुङ्गे पुल (डोग्रे खोला,लडेखोला, निर्माण गरिएको छ ।

## विपद् व्यवस्थापन

- विपत् जोखिम न्यूनीकरण गर्न २४४५ घरहरुको निर्जिवन बिमा(घर विमा) कार्यक्रम विगत वर्ष झै निरन्तरता दिएको छ । जुन कार्य कर्णाली प्रदेशकै उत्कृष्ट कार्य हो ।
- **सुरक्षित नागरिक सुरक्षा आवास कार्यक्रम** अन्तर्गत नगरपालिकाका १६५ घरहरु खर मुक्त छाना गरिएको छ ।
- रास्कोट नगरपालिकाका २००० घर धुरीलाई सुधारिएको चुलो वितरण गरिएको छ ।

## अन्य

- रास्कोट नगरपालिकाको वडा नं ३ मा **सेरामिक माटो उद्योग** संचालनमा रहेको छ ।
- **शान्ती घाट ब्यारिल स्थापना गरि** : सामान निकासी र पैठारीमा निगरानी गरि राजश्व संकलन कार्य भैरहेको छ।
- रास्कोट नगरपालिकामा (क) **वर्गको ईलाका प्रहरी कार्यालय** स्थापना गरिएको छ ।

हामी निर्वाचित भए पछिका चार वर्षहरुमा सामाजिक विकास, पूर्वाधार विकास र सुशासन तथा सेवा प्रवाहमा विषेश जोड दिदै उल्लेखनीय उपलब्धी हासिल गरेका छौं । आर्थिक विकासको आधार तय भएको छ, आगामी दिनहरुमा रास्कोट नगर बासीहरुको आय आर्जनमा वृद्धि गरि आर्थिक विकासमा समृद्धि हासिल गर्दै,आत्मनिर्भर नागरिक बनाउन लक्ष्य लिएका छौं,

नगर सभा सदस्यज्यूहरु,

**अब म आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम प्रस्तुत् गर्दछु ।**

**दीर्घकालिन सोच : "आत्म निर्भर नगरवासी समृद्ध रास्कोट"** बनाउने रहेको छ ।

**नारा : "हामी बनाउँछौं, हाम्रो नगर"**

**लक्ष्यः- सक्षम, सभ्य, सामाजिक न्याय मुलक समाज निर्माण गरि आत्मनिर्भर नागरिक बनाउने ।**

स्थानीय सरकार भनेको साच्चिकै घर आगनको सरकार हो । जनताले देख्न सक्ने, सुन्न सक्न, बोल्न सक्ने, छाम्न सक्ने, आलोचना गर्न सक्ने र छर छिमेकको सरकार नै स्थानीय सरकार हो । यस सरकारले धेरै ठुला, बृहत Mega Project कायर्क्रम गर्न सक्दैन र गर्न सक्ने संवैधानिक र कानुनी व्यनस्था पनि छैन ? स्थानीय सरकार केवल सेवा प्रवाहको सरकार हो । संविधानको मर्म अनुसार सिंहदरवारको अधिकार गाउँ घरमा भने जस्तै विगत सिंहदरवार र जिल्ला सदरमुकाम वरिपरि घुमि रहेका सेवाहरु, जनताका काम, माग र अधिकारहरुलाई जनताको घर आगनमा पुर्यानु स्थानीय सरकारको सपना, दृढ संकल्प र पुर्ण प्रतिवद्धता हो । त्यहि भएर रास्कोट सरकारले जनताको दु:ख आफ्नै दु:ख सम्झि आफना निजी काम र निजी जीवनलाई जनताकै काम र सेवा सम्झि सवै सेवाहरु रास्कोट नगरपालिकामा केन्द्रित गरेको छ। सयौं वर्ष देखि नगरपालिका भन्दा बाहिर रहेका सेवा सुविधा र अधिकारहरुलाई रास्कोटी जनताको माझमा स्थापित गरेकाछौं ।

- **नुन**
- **चामल**
- **विजुल्ली (महशुल काउन्टर)**
- **नेट,इन्टरनेट (फाइवरनेट)**
- **करदाता सेवा स्थायी लेखा नम्बर (PAN)**
- **बैङ्किङ सेवा (राष्ट्रिय वाणिज्य बैङ्क)**
- **ईलाका प्रशासन कार्यालय (नागरिकता सेवा)**
- **भुमि व्यवस्थापना (मालपोत,नापी)**
- **क्याम्पस तर्फ (शिक्षा संकाय)**
- **मिनि मार्केट (आन्तरिक राजश्व)**
- **नगर प्रहरी (शान्ति सुरक्षा)**

नगरसभाका सदस्यज्यूहरु

## उद्देश्य :

- सार्वजनिक सेवा प्रवाहलाई चुस्त दुरुस्त र पारदर्शी बनाउदै सुशासनको प्रत्याभूति दिलाउनु ।
- डिजिटल नगरपालिका निर्माण गरि सर्वसुलभ प्रविधिमैत्री सेवा प्रवाह गर्नु ।
- आत्मानिर्भर उद्यमसिल रोजगारमूलक जनशक्ति निर्माण गर्नु ।
- रास्कोटका युवा विद्यार्थिहरुलाई गुणस्तरीय शिक्षा मार्फत रास्कोट मै आत्म निर्भर वनाउनु ।
- नागरिकहरुलाई निरोगी राख्न स्वास्थ्य क्षेत्रमा विषेश जोड दिनु ।
- बालमैत्री, अपाङ्गमैत्री, संरचनाको निर्माण गर्नु ।
- सबै नागरिकको घरहरुमा स्वाच्छ खानेपानीको पहूँच पुर्याउनु ।
- सानो तथा मझौला उद्योगमा लगानी गर्ने वातावरण बनाउनु ।
- कृषिमा आत्मानिर्भर बनाउन सिचाईमा पहुँच विस्तार गर्नु ।

- बालमैत्री स्थानीय शासन, पूर्ण सरसफाई युक्त, बालविवाह न्यूनीकरण वडा र बालश्रम मुक्त नगरपालिका घोषणा गर्नु ।
- हरित, उत्थानसिल तथा समाबेशी विकासको नगर बनाउनु ।
- सबै कार्यालयका काम कार्य डिजिटालाइजेसन गर्दै DATA सेन्टर लाई थप व्यवस्थित गर्नु ।
- रास्कोटका नागरिकहरुको यातायातको सुविधालाई मध्यनजर गरि नगर बस सञ्चालन गर्नु ।
- मुख्य बजार क्षेत्रहरुलाई स्मार्ट सिटिको रुपमा विस्तार गर्नु ।
- आन्तरीक राजश्वको दर, दायरा विस्तार गरि राजश्व वृद्धि गर्नु ।
- नागरिकको स्वास्थ, सामाजिक सुरक्षा लगाएतका सेवा प्रवाह घर आगनमा प्रदान गर्नु ।
- आरन्तरिक आय बृद्धि गर्न देउरा, ठीगेलनी देवी हुँदै क्षेतडी बड्डादुन, ताम्ती लेक पर्यटकीय गन्तव्य स्थल बनाई इको टुरिजमको रुपमा प्रवद्धन गर्ने ।
- क्षेतडी पाटनमा स्की खेलको बिकासमा जोड दिनु ।
- स्थानीय कृषि उद्पादन बस्तुलाई प्रोत्साहन गर्नु ।
- गरीव एवं विपन्न तथा सेवाबाट बन्चित घर परिवारको सदस्यको बिमा सरकारले सुरक्षित र जिवनयापनमा सहयोग गर्नु।
- यूवा परिषद् गठन गर्ने ।
- कर्मचारी O&M सर्वक्षण गर्ने ।

नगर सभा सदस्य ज्यूहरु

**अब म क्षेत्रगत निति र प्रथमिकता सम्मानित सभामा पेश गर्दछु ।**

**सामाजिक विकासः** शिक्षा, खेलकुद, सस्कृति प्रवर्धन, खानेपानी, स्वास्थ्य तथा लैङ्गिक समानता र सामाजिक समावेशीकरण

**शिक्षा**

१. जनयुद्ध, जनआन्दोलनका, सहिद, घाइते, अपाङ्गता भएका, दन्द्ध पिडित, विपन्न दलित परिवारको छात्रछात्राहरु उच्च शिक्षा अध्ययनका लागि **"मेयर छात्रवृत्ति कोष"** लाई निरन्तरता दिइने छ ।

२. बिद्यार्थिहरुको खेलकुद तथा सुरक्षाका लागि माद्यामिक बिद्यालयहरु र क्रमश सबै विद्यालयहरुमा घेरबार गरि विद्यालय सुरक्षा रणनिती अपनाइनेछ ।

३. शिक्षकहरुलाई उत्साहित गर्न तहगत प्रधानाध्यापक व्यवस्थापन गरि परिक्षा प्रणाली मर्यादित र एकरुपता कायम गरी विद्यार्थीहरुको थप उल्लेखनीय सिकाई उपलब्धी हासिल गर्न पहल गरिनेछ ।

४. माद्यामिक बिद्यालयका प्रधानाध्यपक र बिद्यालय सुरक्षा गार्डलाई आवासिय व्यवस्था कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

५.बडिमालिका माध्यमिक विद्यालयलाई कक्षा १ देखी १० सम्म समानान्तर रुपमा अंग्रेजी र नेपाली माध्यमबाट कक्षा सञ्चालनलाई निरन्तरता दिईनेछ ।उक्त पठनपाठनले रास्कोटको बढ्दो बसाइ सराइलाई रोक्नुको साथै रास्कोटको बाहिरिदै गरेको पूजिलाई रास्कोटमै रोक्न महत्वपूर्ण टेवा पुर्याएकोछ ।

६. सबै विद्यालयहरुमा पक्कि भवन तथा कक्षा कोठा, ECD मा स्मार्ट टिभि, आधारभुत र माध्यमिक विद्यालयहरुमा स्मार्ट बोर्ड व्यवस्थापन गरि विद्यालयमा आवस्यक अनुसार नगर अनुदान शिक्षक व्यवस्थापन गरिनेछ । विद्यार्थी अनुपातका आधारमा प्रति विद्यार्थी लागतका आधारमा विद्यालयमा अनुदानलाई निरन्तरता दिईनेछ ।

७. शैक्षिक सुशासन प्रवद्धनका शैक्षिक कार्यक्रम संचालन गरिनेछ ।

८. अब बन्ने विद्यालयका भौतिक संरचना निर्माण गर्दा अपाङ्गमैत्रि, बालमैत्रि भौतिक संरचना बनाउन नीति लिइनेछ ।

९. Smart School निर्माण गर्न, डिजिटल स्कुल प्रविधिमैत्री विद्यालय निर्माणमा पहल गरिनेछ ।

१०. शिक्षाको आधारको रुपमा **"घर वलियो जगले राष्ट्र बलियो प्रारम्भिक बालविकासले"** भन्ने नाराका साथै प्रारम्भिक बालविकासमा लगानी अभिवृद्धि गरिनेछ ।

११. शिक्षक विद्यार्थी र अभिभावक तथा विद्यालय,समाज र सरकार विचको त्रिपक्षिय सम्बन्ध सुदृढ गरि विद्यार्थीको सिकाई उपलब्धि वृद्धि गर्ने नीति लिइने छ ।

१२.नगरपालिकामा आधारभुत तहको स्थानीय पाठयक्रम (हाम्रो रास्कोट हाम्रो पहिचान) र कक्षा १ को पाठ्यपुस्तक तयार भई उपलब्ध गरी सकेका छौं साथै थप पाठ्य पुस्तक निर्माणको प्रकृया अगाडि बढाइनेछ ।

१३.न्यून सिकाई उपलब्धि भएका बालबालिकाहरुको सिकाई उपलब्धी वृद्धि गर्न अतिरिक्त कक्षा सञ्चालन गरिनेछ ।

१४. शिक्षकहरुको क्षमता विकासका लागि विषयगत र तहगत रुपमा तालिमको व्यवस्था गरिने छ ।

१५. कालिकोट जिल्लाका संस्थापक एवं पूर्व मन्त्री स्वर्गीय धर्मदत्त उपाध्यायको सम्मानार्थ उहाँको नामबाट धर्मदत्त आधारभुत विद्यालय स्थापना भई भौतिक संरचनाहरु निर्माणधिन अवस्थामा रहेको र बाँकी फिल्ड तथा घेरवारको लागि पहल गरिनेछ ।

१६. बालबालिकाको सुरक्षित भविस्य निर्माणमा सहयोग गर्न एक बाल **कल्याण अधिकारीको** व्यवस्था गरिनेछ ।

१७. आगामी शैक्षिक सत्र देखि स्थानीय पाठ्यक्रममा **नैतिक शिक्षा** समावेश गरि कक्षा ५,६ र ७ सम्म अध्ययन अध्यापन गरिनेछ ।

## युवा तथा खेलकुद

१. **मेयर कप** लाई निरन्तरता दिनुको साथै कृकेट खेललाई प्राथिकता दिइनेछ ।

२. खेलकुदको विकासको लागि रंगशालाको स्तर वृद्धि गर्न संघ,प्रदेश सरकारसँग पहल गरिनेछ ।

३. बालबालिकाहरुलाई प्रति रक्षा र क्षमता प्रस्फुटनका लागि विभिन्न किसिमका खेल तथा बन्द प्रशिक्षण, प्रशिक्षक कार्यक्रम संचालन गरिनेछ ।

४. नेपालको संबिधान २०७२ निर्माणकाल लागि भएका संघर्षहरुको सम्झनामा जनयुद्ध र प्रजातन्त्रको दिवसको अवसरमा फागुन १ गतेको दिनलाई नगरपालिकामा उत्सवको रुपमा मनाइनेछ ।

५. यूवा परिषद् गठन गरि सम्पूर्ण युवा लक्षित कार्यक्रमहरु संचालन गरिनेछ ।

नगरसभाका सदस्यज्यूहरु

## स्वास्थ्य

१. प्रादेशिक रणनितिक रास्कोट अस्पताललाई नमुना विशिष्टिकृत अस्पतालको रुपमा स्तरोउन्नती गरिनेछ ।

२. **"भरोसा होस नगर माथी,गाँउ घरमा स्वास्थ्य कर्मी साथी"** भन्ने नाराका साथ रास्कोट भित्रका जेष्ठ नागरिक, असहाय, अपाङ्गता भएका व्यक्तिहरु, गर्भवती महिलाहरु, वालवालिका तथा बिपन्न नागरिकहरुलाई घर आगनमा स्वास्थ घुम्तीसेवा महिनाको एक पटक पुग्ने गरी प्रत्येक वडामा "मेयर हेल्थ केयर कार्यक्रम" लाई निरन्तरता दिइनेछ ।

३. सुनौलो हजार दिनका विपन्न महिलाको पोषण सुधारको लागि आय आर्जन कार्यक्रम संचालन गरिनेछ ।

४ .प्रादेशिक रणनैतिक रास्कोट अस्पतालमा स्वास्थ्य विमा कार्यक्रमलाई थप प्रभाबकारी बनाउदै लिइनेछ । जनयुद्वकालिन सहिद परिवार, घाइते तथा अपाङ्ग विपन्न, असाय, सिमान्तकृत समुदाय,महिला स्वास्थ्य स्वंम सेविका र लामो समय देखी सामाजिक राजनितिक क्षेत्रमा योगदान पूर्याउदै आएका व्यक्तित्वहरुलाई १ लाख सम्मको उपचार सुविधा पाउने गरि स्वास्थ बिमाको प्रिमियम **(किस्ता)** रकम नगरपालिकाले ब्यहोर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

५.महिला सामुदायिक स्वास्थ्य स्वयंम सेविकाहररुलाई उपलब्ध हुँदै आएको प्रोत्साहन भत्तालाई निरन्तरता दिइनेछ।

६. पोषण वालरोगको एकीकृत व्यवस्थापन गर्नको लागि नसर्ने रोगको व्यवस्थापन कार्यक्रमलाई थप प्रभाकारी बनाइनेछ

७.आयुर्बेद उपचार पद्धतिलाई प्रबर्धन गरी जनस्वास्थ्य सेवा अभिवृद्धि गरिनेछ ।

८. नि:शुल्क स्वास्थ्य शिविर संचालनका लागि विषेश पहल गरिनेछ ।

९. वहुक्षेत्रीय पोषण कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१० ."स्वास्थ्य म स्वास्थ्य मेरो सामुदायिक" स्वास्थ्य कार्यक्रम संचालन गरिनेछ ।

## लैङ्गिक समानता र सामाजिक समावेशीकरण

१. लैङ्गिक हिंसा विरुद्वको शुन्य सहनशिलताको नीती अवलम्बन गरिनेछ । निती,कार्यक्रम तथा बजेटलाई लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण गरिनेछ ।

२. जेष्ठ नागरिक, महिला, बालबालिका,सबै खाले अपाङ्गता भएका व्यक्ति, असहाय, एकल महिला लैङ्गिक तथा यौनिक अल्पसंख्यक लगायत लक्षित वर्ग तथा सिमान्तकृत समुदायहरुलाई लक्षित गरी **"उप-प्रमुख लक्षित वर्ग सशक्तीकरण कार्यक्रम"** लाई निरन्तरता दिइनेछ।

३. अभिभावक विहिन तथा जोखिममा रहेका वाल बालिकाहरुलाई संरक्षण गर्न **आपतकालिन बाल संरक्षण कोष**को परिचालन गरिनेछ ।

४. नगर भित्रका युवा, बालबालिका, महिला तथा किशोर किशोरीहरुलाई लागू औषध दुर्व्यसनी, घरेलु तथा यौनजन्य हिंसा, बाल अधिकार तथा महिलाको हक सम्बन्धी सचेतना अभिवृद्धि गर्ने कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

५. जेष्ठ नागरिक, महिला, अपाङ्गता लगाएत लक्षित वर्गहरुलाई "**मिलन केन्द (भलाकुसारी) कार्यक्रम** व्यवस्थित गरिनेछ ।

६. लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायका व्यक्तिहरुको पहिचान गरि सिपमुलक तथा आयमूलक रोजगारीमा जोडिनेछ।

७.अपाङ्ग बाल अस्पताल तथा पुर्नस्थापना केन्द्र बनेपासँग समन्वय गरि रास्कोटमा एक **रिफरल सेन्टर** संचालनमा ल्याइनेछ।

८. हाल सम्म रास्कोट नगरपालिकामा रहेका अपाङ्गता भएका व्यक्तिहरुको कार्डहरु वितरण गरेकाछौं

- पूर्ण अपाङ्गता "क" श्रेणी - ३४
- अति अशक्त अपाङ्गता "ख" श्रेणी - ११५
- मद्यम अपाङ्गता "ग" श्रेणी - ४४
- सामान्य अपाङ्गता "घ" श्रेणी – ६२

## समाजिक सुरक्षा तथा पञ्जीकरण

१. सामाजिक सुरक्षा भत्तालाई राष्ट्रिय परिचय-पत्र संग लिङ्क गर्दै जैविक नवीकरण गर्न आवश्यक प्रवन्ध मिलाइने छ ।

२. नागरिक वडापत्रलाई अद्यावधिक गरी डिजिटाइज गरिनेछ ।

४. वडा सचिबहरुलाई तालिमको व्यवस्था गरि वडा कार्यालयलाई व्यवस्थित बनाई सेवा प्रवाहमा गुणस्तर ल्याइनेछ साथै सवै सेवाहरु online मार्फत गरिनेछ ।

## खानेपानी तथा सरसफाई

१. एक घर एक धारा कार्यक्रम अन्तर्गत २८०५ घरधुरीमा खानेपानी पूर्णता दिइ "पूर्ण खानेपानी तथा सरसफाइयुक्त" नगरपालिका घोषणा गरिनेछ ।

२. वृहत खानेपानी आयोजना निरन्तरताका साथै विस्तार गरी सञ्चालनमा ल्याइनेछ ।

३. मुहान देखी मुख सम्म खानेपानीको शुद्धता कायम गर्ने परिक्षणलाई अनिवार्य गरिनेछ ।

४. नगरपालिकाको लेकाली भेगमा खानेपानी निर्माणका लागि पहल गरिनेछ ।

५. नगर भित्रका सार्वजनिक स्थानहरुमा खानेपानी धाराको व्यवस्था गरी सार्वजनीक शौचालय निर्माण गरिनेछ ।

६. बजार क्षेत्रको फोहोरमैला प्लाष्टिक तथा सिसाजन्य वस्तुलाई व्यवस्थापन गर्न एक **भेहिकल** व्यवस्था गरि डम्पिङ्ग साइट सम्म पुर्याइने व्यवस्था गरिनेछ ।

## आर्थिक विकासः कृषि, उद्योग, वाणिज्य, पर्यटन, सहकारी र वित्तीय क्षेत्रहरु

### कृषि

१."कृषिमा आत्मनिर्भर, घर घरमा रोजगार" भन्ने नारालाई कार्यान्वयन गर्न उच्च मूल्य कृषि वस्तु उत्थानशील **(R-HVAP)** कार्यक्रम कृषि शाखा लगाएत कृषिसँग सम्बन्धित संघ संस्थालाई जोडिनेछ ।

२. कृषि,पशुपन्छीको तथ्याङ्क अध्यावधिक कार्यक्रम संचालन गरिनेछ ।

३.नगरपालिकाको सार्वजनिक जग्गामा भोगचलन गरेका नागरिकलाई भूमि वर्गीकरणका आधारमा "भूमी बैंक" बनाई भाडामा दिइनेछ ।

४. कृषिको व्यवसायीकरण, आधुनिकीकरण, गरि आर्थिक वृद्विको आधार तय गर्ने नीति अवलम्वन गरिनेछ ।

५. लोप भइ रहेका अन्न वालीहरु कोदो, फापर, चिनो, कागुनो जस्ता रैथाने बालीहरुको संरक्षण र प्रवद्धन गरि उत्पादन बढाउन प्रोत्साहन गरि आवश्यक बजारीकरणको व्यवस्था गरिनेछ ।

६. पशुपन्छीमा महामारी / आकस्मिक रोग नियन्त्रण तथा NAHIS रिपोर्टिङ्ग कार्यक्रम संचालन गरिनेछ ।
७. नगर भित्रका पशुपंक्षी फर्म, मासु पसल, एग्रोभेट दर्ता गरी नियमन गरिने छ ।
८. आलु पकेट विकास कार्यक्रम संचालन गरिनेछ ।साथै प्रयाप्त मात्रामा उत्पादन भएको आलुलाई वजारीकरणका लागि पहल गरिनेछ ।
९. वडा नं.२,४ र ९ लाई ओखर र सिमी पकेट क्षेत्र कार्यक्रम संचालन गरिनेछ ।
१०. किसान सूचिकरण कार्यक्रम संचालन गरिनेछ ।

## उद्योग तथा वाणिज्य

१.घरेलु तथा वाणिज्य तर्फका सम्पुर्ण कार्यहरु यस नगरपालिकामा दर्ता तथा नविकरण कार्यक्रमलाई यसै वर्षबाट सेवा प्रवाह गरिएको छ ।
२.नगरपालिका भित्र व्यवसायिक रुपमा सञ्चालनमा रहेका होटल तथा पसलहरुको अनुगमन तथा नियमन गर्ने नीति अवलम्बन गरिनेछ र अत्यावश्यक उपभोग्य वस्तुहरुको मूल्यमा एकरुपता कायम गरिनेछ ।
३. माटोको भाडा बनाउने उद्योगलाई प्रोत्साहन सहित सुंचालनमा ल्याइनेछ ।
४ उत्पादन र उद्यमशीलता मार्फत रोजगारी सिर्जना गर्न सिप विकास उद्यमशिलता प्रवद्धन सम्बन्धि क्रियाकलाव संचालन गरिनेछ ।
५. सम्भाव्यता उत्पादनको उत्पादकत्व र बजार प्रतिस्पर्धा गर्नका लागि कम्तिमा ५ जनाको समुहलाई प्रविधि हस्तान्तरण गरिनेछ ।
६. गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन कार्यविधी,२०८२ बमोजिम नयाँ मोडेलमा लघु उद्यमी सिर्जना गरिनेछ ।
७ .डिजिटल श्रम तथा रोजगार सेवा सम्बन्धि अभिमुखिकरण एवं प्रवद्धन कार्यक्रम संचालन गरिनेछ ।
८. प्राकृतिक श्रोत र साधनमा आधारित पहाडी कागज, अल्लो प्रशोधन, डाले चुक प्रशोधन गर्न साना उद्योग संचालन गरिनेछ।

## यातायात

१. रास्कोट नगरपालिका भित्रका सम्पूर्ण नागरिकलाई सर्वसुलभ यातायातको पहुँच पुर्याउनका लागि रिङ्ग रोडको स्तरउन्नती गरी नगर बस संचालन गरिनेछ ।
२. यातायात गुरु योजना (MTMP) निर्माण गरि कार्यान्वयनमा ल्याइने छ, र निर्माण भएका सडकहरुको लगत कट्टा गरि व्यवस्थित गरिनेछ ।

## पर्यटन तथा संस्कृति

१. रास्कोटी जनताको आर्थिक सम्बृद्धिमा टेवा पुर्याउन देउरामालिका मन्दिर तथा मलायगीरी पाटन र क्षेत्तडि पाटन बड्डादुन ताम्ति लेक क्षेत्रलाई रास्कोट पर्यटकीय हवको रूपमा विकास गर्न कार्यक्रम संचालन गरिने छ ।
२.नगरपालिका भित्र रहेका ऐतिहाँसिक रास्कोट दरवार, देवल, धार्मिक स्थलहरु र स्यम्भुनाथ मन्दिरलाई धार्मीक तथा सांस्कृतिक क्षेत्रको रुपमा विकास गरी आन्तरिक तथा बाह्य पर्यटकको गन्तब्य स्थल बनाइनेछ ।

नगरसभा सदस्यज्यू

## सहकारी

१. सहकारी संस्थाहरुको अनुगमन, निरीक्षण गरी उद्धेश्यमा आधारित वित्तिय सुशासन कायम गर्न संस्थागत क्षमता विकास गरी उत्पादनमा वृद्धि गरिनेछ ।
२. वित्तीय संस्थाले जवरजस्ती रुपमा लगानी गर्ने ऋण होडबाजी भएकोले यसको न्यूनीकरणका लागि नियमन गरिनेछ।
३.स्थानीय सरकार र सहकारी साझेदारी कार्यक्रम संचालन गरिनुको साथै ।(जस्तै वित्तीय साक्षरता, व्यवसायिक सिप विकास तालिम र अन्य महिला सशक्तीकरण सम्बन्धि) कार्यक्रम सञ्चालन गरिने छ ।

## वित्तीय क्षेत्र

१. वित्तीय संस्थालाई व्यवसायिक कृषि तथा अन्य आयमूलक कार्यमा ऋण लगानी गर्ने कार्यलाई निरन्तरता गरिनेछ ।

२. विपन्न नागरिकहरुलाई सहुलियत ऋण वृद्वि गर्न राष्ट्रिय वाणिज्य बैंकसँगको कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

३. रास्कोट नगरपालिका भित्रका घर जग्गालाई धितो राखी कर्जा प्रवाह गरिने कार्यलाई निरन्तरताका लागि पहल गरिनेछ

## युवा तथा रोजगार

१. **"श्रमको सम्मान, राष्ट्रको अभियान"** भन्ने नारालाई आत्मासाथ गरिनेछ ।

२. प्रधानमन्त्री रोजगार,मुख्य मन्त्री रोजगार कार्यक्रमलाई थप व्यवस्थित गरि निश्चित लक्ष्य र नतिजामुखी वनाइनेछ ।

३. विदेशबाट फर्किएका युवाहरुलाई कृषि तथा युवा उद्यमशीलतामा जोड्न पहल गरिनेछ ।

४. कृषि आर्य आर्जनमा युवा स्वारोजगार बनाउन पहल गरिनेछ ।

५. बेरोजगार युवाहरुलाई विभिन्न किसिमका सिप विकास तालिमहरुको व्यवस्था गरी रोजगारीमा जोड दिइनेछ ।

## राजश्व

१."कर तिर्नु कर्तव्य मात्र होइन गौरव पनि हो" भन्ने अवधारणाको विकास गर्न **करको दर र दायरा बढाइ घर वाहल करलाई व्यवस्थित गरिनेछ ।**

२.एकीकृत राजश्व संकलन प्रणालीलाई अनलाईन पद्धतिबाट भुक्तानीलाई व्यवस्थित गरि राजश्व संकलन कक्ष स्थापना गरिनेछ। अफलाईन राजश्व संकलनलाई निरुत्साहित गरिनेछ ।

३. संघ र प्रदेश सरकारको समन्वयमा ढुङ्गा, गिट्टी, बालुवा तथा वन पैदावरबाट राजश्व संकलन गर्ने नीति लिइनेछ ।

४. नगरपालिका भित्रका व्यवसायी उद्यमी वाणिज्य तथा आपूर्ति कर्ता र वित्तीय संस्थाहहरुलाई व्यवसाय, अव्यव्स्थित ऋसर उद्योगलाई **करको दायरामा** ल्याइने छ ।

## पूर्वाधार विकासः उर्जा, सञ्चार, स्थानीय सडक, पुल, सिंचाई, खानेपानी पूर्वाधार, भवन तथा सहरी विकास

## स्थानीय सडक तथा पुल

## पूर्वाधार

१. रास्कोट नगरपालिकामा निर्माण भएका सडक क्षेत्रमा पर्ने जग्गाको लगत कट्टा कार्य अगाडि बढाइनेछ।

२. रास्कोट नगरपालिकामा एक बसपार्क निर्माण गरि नगर भित्रका सहायक सडक र मुख्य सडकलाई चक्रपथमा जोडिनेछ

५. सान्निगाड देखी बजार क्षेत्रसम्म हरित र वातावरणमैत्री सडक निर्माण गर्ने नीति लिइनेछ।

६. आर.सि.पि बजार देखि देउरासम्म ग्रामीण कृषि सडक निर्माण तथा स्तरोउन्नती गरिनेछ ।

७. नगरपालिकाको शान्तीघाटमा प्रवेश द्वार स्वागत गेट निर्माण गरिनेछ ।

८. रास्कोट नगरपालिकाका सिचाई कुलो,सडक,पुल र भवनहरुको लगाएत सार्वजनिक सम्पतिलाई सार्वजनिक सम्पति व्यवस्थापन प्रणाली (PAMS-V2) राखिनेछ ।

## उर्जा

१. रास्कोट नगरपालिकामा बन्दै गरेको मान्म - रास्कोट ३३.११ kv सव स्टेसन निर्माणको काम तिब्र गतिमा अगाडि बढाइएको छ साथै नाग्गो तार विस्तापित गरेर केबल तार (कालोतार) व्यवस्थान गरिनेछ।

२. रास्कोटको प्रत्येक घर धुरीमा आधुनिक सुधारिएको चुलो वितरण गरी सोको प्रयोगबाट हुने कार्बन उत्सर्जनको कमीलाई अभिलेखीकरण गरी कार्वन ट्रेडसंग आबद्ध गरिनेछ ।

३. रास्कोट नगरपालिकाको सेतिकोट गैरी बनमा १ मेघा वाट solar palnt राख्नको लागि सम्भाव्यता अध्ययन गरिएकोछ ।

## सिंचाई

१. विगत वर्षको बाढी पहिरोले क्षति भएका सिंचाई कुलाहरुको पुन:निर्माण गरिनेछ।

२. कृषिका पकेट क्षेत्रहरुका लागि अनिर्वाय सिचाईको सुनिश्चित गर्न आवश्यक संरचना निर्माण गरिनेछ।

## सञ्चार

१. रास्कोट नगरपालिकालाई सूचना तथा प्रविधि मैत्री नगर बनाउनका लागि आवश्यक संरचना निर्माण कार्य सम्पन्न गरिनेछ।

२. नगरपालिका भित्रका सबै सेवा कार्यालयहरुका क्रियाकलापहरुमा अनिर्वाय अनलाइन प्रणालीको माध्यमबाट सेवा प्रवाह गरिने छ भने भुक्तानी प्रकृया EFT द्धारा/ बाट गरिनेछ ।

३. सेवा प्रवाहका लागि वेभसाइट, फेसबुक, मोबाइल एप्स, यस एम एस अर्लटको व्यवस्थापन गरी सूचना प्रवाह गरिनेछ ।

भवन तथा सहरी विकास

१. सहरी विकास तथा भवन निर्माण आचारसंहिता २०७२ लाई कार्यन्वयनमा ल्याइनेछ ।

२. हालसम्म निर्माण भएका सबै प्रकारका घरहरुलाई नगरपालिकाको नियम अनुसार अभिलेखीकरण गरी प्रमाणीकरण गर्ने कार्य अघि बढाइनेछ ।

३. नयाँ बन्ने पक्कि भवनहरु अनिर्वाय नक्सा पास गरेर मात्र लगाउने नीति लिइनेछ ।

४. मिनि मार्केटलाई **विस्तार** गरिनेछ ।

**नगरसभाका सदस्य ज्यूहरु**

सुशासन तथा संस्थागत विकास

१. "मुस्कान सहितको सेवा" भन्ने मुल नारालाई रास्कोट नगर कार्यापालिका भित्रका सम्पूर्ण सेवा प्रदायक कार्यालयहरुमा अवलम्वन गरिनेछ ।

२. नगर प्रहरी संगठन लाई सुरक्षा, सुशासन र प्राकृतिक सम्पदाको संरक्षण निकासीपैठारी र कार्यक्षेत्र विस्तार गरिनुका साथै शान्तीघाट र लेख बस्ति गडुलकोटमा प्रहरी चेक पोष्ठ स्थापना गरिनेछ ।

४. **"उपभोक्तासँग उप प्रमुख कार्यक्रम"** मार्फत सुशासन प्रवद्धनात्मक कार्यक्रम सञ्चालनका साथै उपभोक्ता समितिलाई तालिमको प्रवन्ध मिलाइनेछ ।

५.आयोजना मर्मत सम्भार विकास कोषको व्यवस्थापन गर्ने नीति लिई सोही बमोजिम कार्यक्रम तय गरिनेछ।

६. प्रदेश तथा संघका कार्यालयबाट कार्यन्वयन भईरहेका योजना तथा कार्यक्रमहरुको कडाईका साथ अनुगमन तथा मूल्याङ्कनलाई थप प्रभावकारी रुपमा गरिनेछ ।

७. कार्य संम्पादनका आधारमा कर्मचारीहरुलाई सम्मान तथा पुरस्कार प्रदान गरिनेछ ।

९. सुरक्षा संवेदनशील भएका स्थानहरुमा प्रहरी विट स्थापना गर्ने, सुरक्षा निगरानी वृद्धि गर्ने र मुख्य बजार क्षेत्रहरुमा सि.सि.टि.भि. जडान र थप विस्तार गरिनेछ ।

१०. रास्कोट नगरपालिकामा विकास साझेदार संस्थाहरुलाई नगरपालिकाको बिकास र समृद्धिको बलियो खम्बा steck holder को रुपमा लिदै गैरसरकारी संघ संस्थालाई काम गर्न प्रोत्साहन गरिनेछ ।

११. नगरपालिकामा स्थानीय अनुकुलन कार्य योजना (**LAPA**) निर्माण गरिनेछ ।

१२. न्यायीक समितिमा आएका मुद्दाहरु अधिकांस मेलमिलापका माध्यमबाट फछ्यौंट गर्ने गरेको र आगामी दिनमा अझै चुस्त दुरुस्त बनाइनेछ ।

१३.संघ,प्रदेश तथा नगरपालिकाद्धारा सम्पूर्ण ठेक्का तथा उपभोक्ता समितिबाट संचालित आयोजनाहरुमा नगरपालिका अनुगमन समितिको सिफारिसबाट मात्र भुक्तानी गरिनेछ ।

१४. नगरपालिकाका समग्र विषयमा कानुनी सहजता,कानुनी स्पष्टता र कानुनको शासनको प्रत्याभूति दिलाउनका लागि,कानुनी काममा सहयोगका लागि आवश्यक कानुनी परामर्श सेवा लिइनेछ । जनप्रतिनिधी,शाखा र कर्मचारीहरुलाई आवश्यक परेको बखत कानुनी परामर्श सल्लाह दिने व्यवस्था गरिनेछ ।

१५. स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणाली **(LGPAS)** का सुचकहरु अधिकतम पुरा गर्ने लक्ष्य लिइनेछ ।

वन तथा वातावरण

१. लोप हुन गइरहेका बहुमूल्य जडिबुटी रोकथामका साथै रुद्दराक्ष र बुद्दचित्र जस्ता विरुवा उत्पादन गर्न प्रोत्साहन गरि जैविक विविधताको संरक्षण र वन क्षेत्रको व्यवस्थापनलाई उच्च प्रथमिकता दिइनेछ ।

२. सामुदायिक तथा राष्ट्रिय वन संरक्षणमा नगर प्रहरी परिचालन गरि नियमन गरिनेछ ।

३.बाढी पहिरोबाट जोगाउन भू-संरक्षण, तटबन्ध व्यवस्थापन र वृक्षरोपण कार्यलाई अगाडि बढाइनेछ ।

४. अनियन्त्रित रुपमा भइरहेको ढुङ्गा खानी र गिट्टी तथा बालुवा उत्खनन्लाई रोकी व्यावस्थित गरिनेछ ।

५. रास्कोट नगरपालिकाका क्षेत्रभित्रका बाजो जमीनमा किनारमा बाँस,निगालो,अंलिसो उत्तिस, वैस लगाएतका रुख विरुवा रोप्ने कार्यलाई अभियानकै रुपमा लिई हरियाली रास्कोट बनाउने नीति लिइनेछ ।
६. स्थानीय पूर्वाधार विकासका आयोजनाहरु कार्यान्वयन गर्दा सम्भावित वातावरणीय जोखिम तथा प्रभावको अध्ययन गरिनेछ र वायु इन्जिनिरिइङको प्रयोग गरि ठुला तथा गौरवका आयोजनाहरुका लागि प्रारम्भिक वातावरणीय मूल्याङ्कन (IEA) तथा वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) गरिनेछ ।
७. हरित पुर्नलाभ तथा समावेसी विकास पद्धति (GRID Approach) को पुर्ण अवलम्वन गरि पूर्वाधार विकासका आयोजनाहरु जलवायू उथ्थानसील,श्रम केन्द्रित,नतिजामुखी दिगो रुपामा विकास गर्ने नीतीलाई उच्च प्राथमिकताका साथ अवलम्बन गरिनेछ

विपद् व्यवस्थापन

१. विपद् जोखिम न्यूनीकरण गर्न आपतकालिन कार्यसञ्चालन केन्द्र स्थापना गरिनेछ ।
२. नगर प्रहरीलाई विपद् जोखिम न्यूनीकरणका लागि पूर्व तयारी सम्बन्धि तालिम संचालन गरिनेछ ।
३. विपद्का योजना तयार गर्दा विपद् न्यूनीकरण र दिगो विकासका विषयमा विशेष ध्यान दिइनेछ ।

भूमि व्यवस्थापन तथा वस्ती विकास

१. भू-उपयोग नीतिका आधारमा दिगो विकास तथा वातावरण संरक्षणको लागि भू -उपयोग नीति अनुरुप अघि बढ्नेछौं ।

नगरपालिकाले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रमहरुमा समृद्ध, सुरक्षित, जीवन्त र सुन्दर नगर बनाउन हाम्रो दृढ सङ्कल्पित यात्रामा अविचलित छु । यस अवसरलाई सदुपयोग गर्दै सम्पूर्ण नगरवासीलाई स्वच्छ, निष्पक्ष, न्यायपूर्ण र प्रतिबद्ध नेतृत्व प्रदान गरिनेछ । साथै नगरपालिकाले अघि सारेको प्रस्तुत नीति तथा कार्यक्रममा सिर्जनात्मक सल्लाह सुझाव दिने र कार्यान्वयनमा सहयोग पुर्याउने नेपाल सरकार, प्रदेश सरकार, जनप्रतिनिधिहरु, राजनितिक दल, नागरिक समाज, विकास साझेदारहरू, निजी क्षेत्र, अन्तर्राष्ट्रिय दातृ निकाय, नगरका राष्ट्रसेवक कर्मचारी, नगर सचिवालय,मतदाता र सम्पूर्ण वुद्धिजीवी एवम् प्रवुद्ध वर्गमा विषेश धन्यवाद दिन चाहन्छु,
हामीले चार वर्षमा गरेका यी सबै उपलब्धि कुनै एक व्यक्ति वा एउटा टिमको मात्र सफलताका कथाहरु होइनन् । यो सम्पूर्ण रास्कोटी जनताको विश्वास,कार्यपालिका तथा नगरसभाको साथ सहित सुझाव, विकास साझेदार संघ संस्थाहरुको सहयोग र मेहनतको परिणाम हो ।
अन्त्यमा, हामीले धेरै कामहरु गरेका छौं, तर अझै धेरै काम गर्न बाँकी छन् । रास्कोटलाई शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन, रोजगारी र पूर्वाधारको दृष्टिले नमुना नगर बनाउने हाम्रो यात्रा अझै जारी छ ।

त्यसैले जनताले यस कार्यकाललाई स्वर्णीम तथा एक ऐतिहाँसिक कार्यकालको रुपमा लिनेछन । हामीले चार वर्षमा नगर विकासको बलियो आधार निर्माण गरेका छौं । **अबको हाम्रो लक्ष्य—समृद्ध र आत्मनिर्भर रास्कोट निर्माण गर्नु हो ।"हामी बनाउँछौं हाम्रो नगर"** भन्ने अभियानलाई अझ सशक्त बनाउँदै, हामी सबै मिलेर आत्मनिर्भर,स्वाभिमानी,सम्मानित र समृद्ध रास्कोट निर्माण गर्ने बाटोमा अघि बढ्न समेत आग्रह गर्दछु,
धन्यवाद,

**नमस्कार ।**

**धर्मराज शाही (पोषण)**
**नगर प्रमुख**
**रास्कोट नगरपालिका कालिकोट**